# किन डराउनु ?




नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र

# किन डराउनु ?



यो सन्दर्भ सामग्री
पुस्तकालय प्रयोजनका लागि हो ।
बिक्री गर्न पाइने छैन ।

लेखक
छविरमण सिलवाल

चित्राङ्कन
उज्ज्वल तामाङ

सम्पादन
शाश्वत पराजुली

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

प्रकाशक : नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

© प्रकाशकमा

परिमार्जित संस्करण : २०७६

---

अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी) को सहयोगमा यो सन्दर्भ सामग्री प्रकाशन भएको हो । यसमा समाविष्ट सामग्रीको जिम्मेवारी प्रकाशकमा निहित छ । यसमा रहेका सामग्रीले युएसएआइडी र अमेरिकी सरकारको अवधारणालाई प्रतिनिधित्व गर्दैनन् ।

# हाम्रो भनाइ

बालबालिकाको पठन सिप बढाउन, मनोरञ्जन प्रदान गर्न, मानसिक र बौद्धिक विकासका लागि सिकाइसम्बद्ध सन्दर्भ सामग्रीहरूको महत्त्वपूर्ण भूमिका हुन्छ । सन्दर्भ सामग्रीले बालबालिकालाई अध्ययनशील बनाउनका साथै पढाइ सिप विकास गरी पाठ्यपुस्तकमा भएका विषयवस्तु ग्रहण गर्नसमेत मदत गर्छ ।

पाठ्यक्रम विकास केन्द्रद्वारा राष्ट्रिय प्रारम्भिक कक्षा पढाइ कार्यक्रम कार्यान्वयन गर्ने क्रममा रुम टु रिडले तयार गरेको यो सन्दर्भ सामग्रीलाई अद्यावधिक गरी युएसएआइडीको आर्थिक सहयोगमा प्रकाशनमा ल्याइएको हो। प्रस्तुत सन्दर्भ सामग्री कक्षा १ देखि ३ सम्मका विद्यार्थीहरूका लागि उपयोगी हुने गरी विकास गरिएको छ तापनि आवश्यकतानुसार जुनसुकै कक्षामा पनि प्रयोग गर्न सकिने छ ।

प्रस्तुत सामग्री शिक्षकहरूले सबै बालबालिकाहरूलाई पढ्ने मौका दिई आपसमा छलफलसमेत गराई उनीहरूको पठन सिप विकासमा सहयोग गर्नुहुने छ भन्ने अपेक्षा गरिएको छ। अन्त्यमा यस सामग्रीका सम्बन्धमा प्राप्त हुने सुझाव एवम् प्रतिक्रियाका लागि पाठ्यक्रम विकास केन्द्र सदैव स्वागत गर्दछ ।

वि.सं. २०७६ | पाठ्यक्रम विकास केन्द्र



"लौ रेडियो त बजेन नि। मेरो रेडियो कसले चलाएको थियो हँ ?" बाजेले ठुलो स्वरमा भन्नुभयो।



मेरो सातो गयो ।

अर्को कोठाबाट दिदीको आवाज आयो, “मेरो पालिस भुइँभरि कसले पोखिदियो हँ ?”





म डराएँ।



आमाले भान्छाबाटै भन्नुभयो, “हरे ! सिसीमा राखेको चिनी कसले खायो हँ ? अब चियामा के हाल्नु ?”



म थुरथुर भएँ।

तल आँगनमा दाइ कराउनुभयो । उहाँले भन्नुभयो, “मेरो साइकल कसले लडाइदिएछ हँ ?”





मेरो होसहवास हरायो ।

“मेरो बत्ती कात्ने कपास कता गयो भन्या !” बजैले भन्नुभयो ।



म आत्तिएँ ।



कुरा साँचो बोले गाली खाइने। कुरा नखोलूँ, मनमा उकुसमुकुस हुन्छ।





म त जिल्लै परेँ बाबै !



अब म बाजेको
रेडियो चलाउँदिनँ ।

दिदीको पालिस पनि
लगाउँदिनँ ।

दाइको साइकल
लडाउँदिनँ ।



बज्यैको कपासले
पुतली बनाउँदिनँ ।

चिनी चोरी खान्नँ ।



म धेरै चकचके हुन्न क्या ! अनि त किन डराउनु !